मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

## आफ्नै सूचना

**२०७८ चैत ४ गते शुक्रबार (आज) फागु पर्वको बिदाका कारण भोलि चैत ५ गते शनिबार पूर्वाञ्चल दैनिक प्रकाशन नहुने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।**

साथै होली पर्व २०७८ को पावन अवसरमा समस्त नेपालीमा शान्ति, सद्भाव, मेलमिलाप, एकता र बन्धुत्वभावको कामनासहित **हार्दिक शुभकामना** व्यक्त गर्दछौं ।

**– व्यवस्थापक**

◆ वर्ष : २७ ◆ अङ्क : १२१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ चैत ४ गते शुक्रबार (Friday, March 18. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु : ४/-

# उम्मेदवारको पेश्की र बेरुजु फछ्र्यौट अनिवार्य

## निर्वाचनका बेला सामाजिक सञ्जाल प्रयोगमा कडाइ

**झापा, चैत ३।** निर्वाचन आयोगले आसन्न स्थानीय तह निर्वाचनमा उम्मेदवार बन्ने स्थानीय तहका पदाधिकारीका नाममा पेस्की बेरुजु भए अनिवार्य फछ्र्यौट हुनुपर्ने जनाएको छ ।

निर्वाचन आयोगमा विहीवार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले स्थानीय तहमा उम्मेदवार दिने उम्मेदवारबाट असुलउपर गर्नुपर्ने भए सो पनि फछ्र्यौट भएको हुनुपर्ने बताए ।

आसन्न स्थानीय तह निर्वाचनका लागि उम्मेदवार बन्ने हालका स्थानीय तहका पदाधिकारीका नाममा पेश्की बेरुजु भएको भए फछ्र्यौट भएको हुनुपर्छ- उनले भने- असुलउपर गर्नुपर्ने गरी किटानीका साथ उल्लेख गरेको बेरुजु छ भने त्यो पनि फछ्र्यौट हुनुपर्छ ।

स्थानीय तहका बेरुजु भए पनि उम्मेदवार हुने व्यक्तिको पेश्की बेरुजु र असुलउपर हुनुपर्ने बेरुजु फछ्र्यौट भएको हुनुपर्ने उनको भनाइ छ ।

आयोगबाट स्वीकृत भएको निर्वाचन आचारसंहिता, २०७८ आज राजपत्रमा प्रकाशित भएको जानकारी दिँदै प्रवक्ता शर्माले आयोगले तोकेको मितिदेखि उक्त आचारसंहिता लागू हुने बताए ।

आचारसंहिता पालनाको अनुगमनका लागि विभिन्न संयन्त्र बनाइएको उल्लेख गर्दै उनले आचारसंहिताको उल्लंघन गर्ने उम्मेदवारलाई निर्वाचन ऐनअनुसार कारबाही हुने बताए । उम्मेदवारलाई आचारसंहिताको पूर्ण पालना गर्न आयोगले निर्देशन दिन सक्छ, आयोगको निर्देशन पालना नगरे रु. एक लाखसम्म जरिवाना हुनसक्छ- प्रवक्ता शर्माले भने- आचारसंहिता उल्लंघनका कारण स्वच्छ, भयरहीत र मर्यादित वातावरणमा निर्वाच सम्पन्न गर्न बाधा पुग्ने भएमा आयोगले सम्बन्धित उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्छ ।




निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहीत वातावरणमा निर्वाचन सम्पन्न गराउन आयोग आचारसंहिताको पालना गराउन पूर्ण प्रतिबद्ध रहेको उनको भनाइ छ ।

स्थानीय तह निर्वाचनका लागि आवश्यक मतदाता नामावली, मतदाता परिचय-पत्रलगायत निर्वाचन सामग्री छपाइका लागि विहीवार बोलपत्र प्रकाशन गरिएको आयोगले जनाएको छ ।

आयोगले निर्वाचनमा खटिने जनशक्तिको प्रतिव्यक्ति रु. २० लाखको सामूहिक दुर्घटना बीमा गर्न राष्ट्रिय बीमा संस्थानसँग सम्झौता गरिएको जनाएको छ ।

आयोगले दर्ता भएका राष्ट्रिय मान्यता प्राप्तबाहेकका ७३ राजनीतिक दललाई निर्वाचनमा भाग लिने प्रयोजनका लागि यही चैत ६ गतेभित्र जिल्लास्तरको सङ्गठन संरचनाको विवरण पेश गर्न आग्रह गरेको छ ।

**निर्वाचनका बेला सामाजिक सञ्जालमा के गर्न पाइँदैन ?**

निर्वाचन आयोगले स्थानीय तहको निर्वाचनलाई लक्षित गरी जारी गरेको आचारसंहितामा सामाजिक सञ्जाल प्रयोगमा पनि कडाइ गरेको छ ।

बिहीबार राजपत्रमा प्रकाशित निर्वाचन आचारसंहिता २०७८का कतिपय व्यवस्था सामाजिक सञ्जाल प्रयोगकर्ताले पनि पालना गर्नुपर्नेछ ।

३० वैशाख २०७९मा हुने स्थानीय तह निर्वाचनका लागि जारी गरिएको आचारसंहिता लागू हुने दिन भने आयोगले पछि तोक्नेछ ।

आयोगले तोकेको मितिपछि भने सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने, होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण राख्ने जस्ता काम गर्न पाइने छैन ।

आयोगले सामाजिक सञ्जालभित्र एसएमएस, फेसबुक, मेसेञ्जर, भाइबर, ट्वीटर, यूट्युब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस, टिकटक, ह्वाट्स एप, इमो, वीच्याट, लिन्क्ड्इन, टमलरजस्ता प्लेटफार्मलाई उल्लेख गरेको छ ।

**सामाजिक सञ्जालबारे निर्वाचन आचारसंहितामा के छ ?**

१) सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने ।

२) निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा झुटा साइट र एकाउण्ट सञ्चालन गर्न वा गराउन नहुने ।

३) सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# उद्रकान्त हत्याको आधा शताब्दिपछि शहीद प्रतिमा



**झापा, चैत ३।** वि.सं. २०२८ सालमा नक्सली उग्रवादी चारुमजुम्दार र कानु सन्यालका नेपाली चेलाहरुले झापा गरामनीका प्रजातन्त्रवादी योद्धा उद्रकान्त राजवंशीको हत्या गरेको आधा शताब्दि बित्यो । तत्कालीन झापा गरामनी-९मा उनको नृशंसतापूर्वक हत्या भएको थियो ।

जसले उद्रकान्तको हत्या गऱ्यो झापामा उनीहरुको शालिक बनेको पनि २४ वर्ष पुग्यो । नक्सलवादी/उग्रवादी कम्युनिष्टहरुको प्रभावमा परेका झापाली कम्युनिष्टहरु रामनाथ दाहाल, केपी ओली, सीपी मैनाली, आरके मैनालीहरुको निर्देशनमा रामनाथ दाहाल, नेत्र घिमिरे, वीरेन राजवंशी, कृष्ण कुइँकेल र नारायण श्रेष्ठ लगायतले राजवंशी लगायतका व्यक्तिको हत्या गरेका थिए ।

व्यक्ति हत्याको अभियोगमा तत्कालीन प्रशासनले अभियुक्तहरुलाई पक्राउ गरी पाँचै जनालाई जेल सार्ने क्रममा इलामको सुखानी जंगल पुगेपछि गाडीबाट भागेको भन्दै गोली हानेर मारिदियो । उनीहरुलाई २०२९ साल फागुन २१ गते मारिएको थियो ।

२०२९ मंसीर २३ गते उद्रकान्त राजवंशी घरमै सुतिरहेकै अवस्थामा कम्युनिष्टहरुले सयौं ठाउँमा काटेर पाशविक हत्या गरेका थिए । राजवंशीसँगै २०२९ पुस १० गते शनिश्चरे बजारबाट उत्तरमा पर्ने हात्तीकिल्ला गाउँमा पूर्वसांसद (रापस) धर्मप्रसाद ढकाल र उनका माइला छोरा ज्ञानी (ज्ञानेन्द्र) को हत्या गरियो । २०२९ असार २७ गते झापामै विष्णुप्रसाद बिमली र उनका भाञ्जा ईश्वरीप्रसाद चुडाललाई अमानवीय यातनाका साथ पाटावारीभित्र लगेर हत्या गरिएको थियो ।

यसअघि २०२८ जेठ ३ गते झापा ज्यामिरगढीका सामान्य किसान कर्णबहादुर गौतमको विभत्स ढंगले हत्या गरिएको थियो । २०२९ वैशाख २६ गते सामान्य परिवारका सोझा कृषक शनिश्चरे वडा नं. ६का वडाध्यक्ष बुटन चौधरीलाई राति घरमै भालाले

*(बाँकी अन्तिम पृष्ठमा)*

# खैरो हेरोइन कारोबारमा संलग्न १२ जना पक्राउ

**झापा, चैत ३।** लागूऔषध खैरो हेरोइन कारोबारमा संलग्न १२ जनालाई प्रहरीको लागूऔषध नियन्त्रण ब्यूरोले पक्राउ गरेको छ ।

मुलुकका विभिन्न क्षेत्रमा लागूऔषध नियन्त्रण तथा अवैध कारोबारी पक्राउ गर्न ब्यूरोबाट परिचालित टोलीले उपत्यकाकालगायत विभिन्न क्षेत्रबाट खैरो हेरोइनसहित उनीहरुलाई पक्राउ गरेको हो । उपत्यकामा लागूऔषधको अवैध कारोबार भइरहेको भन्ने सूचनाका आधारमा खोजतलासमा खटिएको प्रहरी टोलीले उनीहरुका साथबाट १९१.७१० ग्राम खैरो हेरोइन बरामद गरिएको ब्यूरोले जनाएको छ ।

पक्राउ पर्नेमा काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-७का ३३ वर्षीय बिक्रम नगरकोटी, सोही ठाउँ बस्ने रोजन बस्नेत र ४६ वर्षीय माधवप्रसाद दाहाल छन् । यस्तै नगरकोटीसँग लागूऔषध कारोबारमा संलग्न रहेको खुलेपछि काभ्रेका ३० वर्षीय देवीसिंह तामाङलाई १७० मिलिग्राम खैरो हेरोइनसहित भक्तपुर चाँगुनारायणबाट पक्राउ गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

# मानव बेचबिखन गरेर भागेपछि...



**झापा, चैत ३।** जिल्ला प्रहरी कार्यालय झापाले मानव बेचबिखन तथा ओसारपसार मुद्दाका फरार तीन जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा कमल गाउँपालिका-४ बस्ने ४४ बर्षीया सीता केरुङ सम्बाहाम्फे, ५० वर्षीय इन्द्र सम्बाहाम्फे, हंशराज केरुङ रहेका छन् । सर्वोच्च अदालतको २०७४ असार २८ गतेको फैसला अनुसार मानवबेचबिखन तथा ओसारपसार मुद्दामा सजाय ठहरिएर फरार भएका उनीहरूलाई जनही ७ वर्ष ६ महिना कैद तथा १ लाख रुपैयाँ जरिवाना र जनही ५० हजार रुपैयाँ क्षतिपूर्ति भराउनु पर्ने सजाय ठहर भएको थियो ।

उनीहरूलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत झापा भद्रपुरमा उपस्थित गराइएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय चन्द्रगढी पठाइएको छ ।

# होली खेल्दा किशोरी घाइते

**काठमाडौं, चैत ३।** काठमाडौंको बौद्धमा होली खेल्ने क्रममा साढे दुई तलाको घरबाट खस्दा एक जना किशोरी गम्भीर घाइते भएकी छन् ।

बौद्धको दक्षिणढोकास्थित एक घरबाट भुइँमा खस्दा सिन्धुपाल्चोक घर भएकी विनिता चौलागाँई गम्भीर घाइते भएकी काठमाडौं प्रहरी परिसर, टेकुका एसपी दिनेशराज मैनालीले जानकारी दिए ।

उनका अनुसार कक्षा ११ मा अध्ययनरत् चौलागाँई र उनका दाइ बौद्धमा डेरा गरी बस्दै आएका थिए ।

उनी बिहीबार होली खेल्न आफन्तकोमा गएकी थिइन् । 'दिउँसो घरको छतबाट फलामको बारमा खसेपछि उनलाई उद्धार गरेर नेपाल मेडिकल कलेज जोरपाटी लगिएको छ'- मैनालीले भने ।

# ढुंगाले हानेर श्रीमतीको हत्या

**बागलुङ, चैत ३।** आफ्नै श्रीमती ४२ वर्षीया तिला नेपालीलाई ढुंगा प्रहार गरी हत्या गरेको अभियोगमा बागलुङ नगरपालिका-१४ नमूनागाउँ बस्ने ५५ वर्षीय रत्नबहादुर नेपालीलाई प्रहरीले पक्राउ गरेको छ ।

रत्नबहादुरले ढुंगा प्रहार गर्दा श्रीमती गम्भीर घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बलेवाबाट खटिएको प्रहरीले रत्नलाई पक्राउ गरेको हो । गम्भीर घाइते तिलाको धौलागिरी अस्पताल बागलुङमा उपचारको क्रममा मृत्यु भएको थियो ।

# फागु कि होली : शास्त्रमा के छ ?

**झापा, चैत ३।** नेपालको पहाडी र हिमाली क्षेत्रमा बिहीवार रङ्ग खेलेर मनाइँदै गरेको फागु पर्व अर्थात् होली तराईमा भने शुक्रवार मनाइँदैछ ।

असत्यमाथि सत्यको जित र हर्षका रूपमा अनि वसन्त ऋतुको उमङ्गमा मनाइने यो पर्वलाई विभिन्न स्थान र परिवेश विशेषमा फरकफरक नामले चिनिने संस्कृतिविद्को भनाइ छ ।

यो पर्वबारे पुराणहरू र प्राचीन संस्कृत साहित्यमा पनि उल्लेख भएको जानकारहरू बताउँछन् । तर होली पर्वका बेला विभिन्न खाले विकृति निम्तिएको र जबरजस्ती रङ्ग दलिदिने तथा लोला हान्ने प्रवृत्ति कायम रहेको भन्दै चिन्ता व्यक्त गर्नेहरू पनि छन् । काठमाडौं उपत्यकासहित देशैभरिका स्थानीय प्रशासनले सौहार्दपूर्ण रूपमा होली मनाउन आग्रह



गर्दै कसैलाई अनावश्यक दुःख दिइए कारबाही गर्ने चेतावनी दिएका छन् ।

त्यस्तै अन्य दिनको तुलनामा विशेषगरी सहरी क्षेत्रमा बढी मात्रामा सुरक्षाकर्मीहरू पनि परिचालन गरिएको अधिकारीहरूले जानकारी दिएका छन् । सामाजिक सञ्जालमा होली र फागु एकै पर्व हुन् वा भिन्न हुन् भनेर प्रश्न सोधिएको र तर्क गरिएको पनि देखिएको छ ।

**राष्ट्रपति र प्रधानमन्त्रीको सन्देश**

होलीका अवसरमा नेपालका राष्ट्रपति र प्रधानमन्त्रीसहित उच्च नेताहरूले शुभकामना सन्देश दिएका छन् । उनीहरूले पनि होलीको पौराणिक र सांस्कृतिक पक्षलाई उल्लेख गर्दै यसलाई विकृतिरहित बनाउनुपर्नेमा जोड दिएका छन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो सन्देशमा भनेकी छन्- हाम्रो संस्कृतिका असल पक्षहरूलाई प्रवर्धन गर्न पर्वहरूलाई मितव्ययी र विकृतिरहीत

*(बाँकी अन्तिम पृष्ठमा)*

## नशा तथा हाडजोर्नी लगायत समस्याको सफल उपचार

**हाडजोर्नी ,नशाको सफल उपचार साथै ग्याष्ट्रिक, कब्जियत, महिलाको सेतो पानी जाने, पिनास, माइग्रेन, आदिको अब थेरापीद्वरा उपचार बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर बिर्तामोडमा**

यहाँ इलेक्ट्रो थेरापी, म्यानुअल थेरापी, म्यानिपुलेसन थेरापी, एक्सरसाइज थेरापी, आयुर्वेद, कपिङ्ग थेरापी, लेजर थेरापी, पञ्चकर्म, अकुपञ्चर, मसाज थेरापी विधिद्वारा नशा च्यापिएको, कम्मर-गर्दन-घुँडा-जोर्नी दुख्ने, शरीर झम्झमाउने, लाटो हुने, डिस्क प्रोल्याप्स, हड्डी खिइएको, युरिक एसिड, बाथ, प्यारालाइसिस (शरीरको वा दुबै भाग नचल्ने), मुख बाङ्गिएको, कुम जाम भएको, सर्जरी पश्चात् चाहिने रिह्याब, स्पोर्ट्स इन्जुरी साथै पाइल्स, फिसर, फिस्टुला, ग्यास्ट्रीक, कब्जियत, सुगर, प्रेसर, दम, खोकी, थाइराइड, जन्डिस, प्रोस्टेट, पिसाब पोल्ने, मृगौलाको पत्थरी, छाला सम्बन्धी समस्या, माइग्रेन, अनिन्द्रा, तनाव, महिला पुरुषका यौन समस्या, निमोनिया आदिको आयुर्वेदिक औषधिबाट सर्वसुलभ तरिकाले उपचार गरिन्छ ।

**बिशेष उपचार पायल्स, फिसर, फिस्टुलाको क्षारसुत्र विधिद्वारा व्यवस्थित तरिकाले अनुभवी दुई जना डा.बाट दैनिक अपरेशन समेत गरिन्छ ।**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

**अष्टाङ्ग आयुर्वेद फार्मेसी**

**अन्धुवा खोला पुल पश्चिम, ठूलो सिसा भएको घर, हाइवे दक्षिण, बिर्तामोड झापा–राजगढ स्टेण्डबाट ५० मिटर दक्षिण (फोन नं. ९८०६०००३१३, ०२३–५९०१६६)**

*नोटः अफिस, सटीङ्ग, सुटीङ्ग, टेलरिङ्ग आदिको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।* ***फोन नं. ९८०६०३४४२६***

# खुल्दैछन् मैथिली महिलाहरु



**झापा, चैत ३।** कला, संस्कृति र साहित्यमा धनी मानिने मैथिली समाजका महिला बिस्तारै खुल्दै गएका छन्।

अधिकांश समय घरकै सुसेधन्दामा रमाउने मैथिली समुदायका महिला अहिले विस्तारै बाहिर निस्कन थालेका हुन्। धार्मिक तथा सांस्कृतिक पर्वहरुको अवसरहरूमा आफ्नो कला भित्ता र आँगनमा सजाउन रमाउने यो समुदायका महिलाहरु अहिले सार्वजनिक सभा समारोहमा समेत सरिक हुन थालेका छन्।

विहीवार बाह्रदशी गाउँपालिका-३ स्थित राजगढमा मैथिली समुदायका महिलाले सार्वजनिक कार्यक्रमको आयोजना गर्दै होली मिलन समारोह नै मनाए। यसअघि यो समुदायका महिलाले आफ्नो नेतृत्वमा कमै मात्रामा यस्ता कार्यक्रम गर्दै आएको बताइन्छ।

राप्रपाका अध्यक्ष तथा झापा क्षेत्र नम्वर ३बाट निर्वाचित संघीय सांसद राजेन्द्र लिङ्देनको प्रमुख आतिथ्यमा आयोजित होली मिलन समारोहमा मैथिली समाजका महिलाले एकापसमा रंग दलेर होलीको शुभकामना साटासाट गरे। राजगढस्थित पुरानो बजारमा रहेको सामुदायिक अध्ययन केन्द्रको सभाहलमा आयोजना गरिएको कार्यक्रममा बाह्रदशी गाउँपालिका भित्रका अन्य समुदायका महिलाहरुको समेत सहभागिता रहेको थियो।

बाह्रदशी गाउँपालिकास्तरीय मैथिली समाज झापाकी अध्यक्ष गायत्री साहको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षासेवी नन्दकुमार कुँवरले मैथिली समुदायको कला, संस्कार, संस्कृति र साहित्यका विषयमा प्रकाश पारेका थिए। उनले आदिमकालदेखि मैथिली समुदायको बसोबास नेपालमा रहेको र कला, साहित्य, धर्म र संस्कार, संस्कृतिमा यो समुदाय धनी हरेको बताएका थिए।

कार्यक्रममा पूर्वमन्त्री टेकनारायण राजवंशी, प्रदेश सांसद पूर्णसिंह राजवंशी, संविधानसभा सदस्य हरि राजवंशी, कंग्रेस नेता भगीरथ पोद्दार लगायतले मैथिली समाजको धर्म, संस्कार संकृति र छठ पर्वका विषयमा प्रकाश पारेका थिए।

ववीता साहले स्वागत गरेको कार्यक्रमको सञ्चालन पिङ्की साहले गरेकी थिइन्।

# कनकाई वाणिज्य संघको अध्यक्षमा विमली

**झापा, चैत ३।** कनकाई उद्योग बाणिज्य संघको अध्यक्षमा तुलसी विमली चयन भएका छन्।

संघको तेस्रो अधिवेशनबाट बिमल अध्यक्षमा सर्बसम्वत चयन भएका हुन्। संघको वरिष्ठ उपाध्यक्षमा जनक कार्की, वाणिज्य उपाध्यक्षमा जविन तिम्सिना, उद्योग उपाध्यक्षमा डिल्ली पाठक चयन भएका छन्।

संघको महासचिवमा सरोज सिटौला चयन भएका छन् भने सचिवद्वयमा टीकाराम बराल र अनिता मैनाली चयन भएका छन्। त्यस्तै कोषाध्यक्षमा गोमा कार्की चयन भएकी छिन्।

समितिको सदस्यमा चन्द्रकला भेटुवाल, रुका श्रेष्ठ, चन्द्रा बुढाथोकी, तारानाथ प्रसाई, बिन्दूराज दाहाल , कमल श्रेष्ठ, हरि कुमार कार्की, उत्सव बाँस्तोला र भविन्द्र भण्डारी चयन भएका छन्।



अध्यक्ष विमली

## दुई व्यक्तिलाई मरणोपरान्त सम्मान

**भद्रपुर, चैत ३।** भद्रपुरका पुराना व्यवसायी एवम् मारवाडी संघका पूर्व अध्यक्षद्वय पर्शुराम अग्रवाल र ओमप्रकाश साहेवालालाई मरणोपरान्त सम्मान गरिएको छ।

संघद्वारा विहीवार आयोजित कार्यक्रममा प्रदेश नं. १का भूमि व्यवस्था तथा गरिबी निवारणमन्त्री ओमप्रकाश सरावगीले माध्यमिक शिक्षा परीक्षा (एसइई) देखि स्नातक तहसम्मको उत्कृष्ट अङ्क ल्याउने तथा चित्रकलामा राम्रो दखखल राखेका छ जना विद्यार्थी र पाँच ज्येष्ठ नागरिकलाई पनि सम्मान गरेका हुन्।

कार्यक्रममा मारवाडी भाषाबाट विभिन्न गीत, नृत्य, नाटक र कवितालगायत बृहत् साँस्कृतिक कार्यक्रम गरिएको थियो।

# 'शमशेर' बन्दै मनिष राउत




फिल्म 'प्रेमगीत ३'बाट नायकको रुपमा डेब्यू गरेका मनिष राउत डेब्यू फिल्म रिलिज नहुँदै नयाँ फिल्ममा अनुबन्ध भएका छन्। उनले फिल्म 'शमशेर'मा अभिनय गर्न लागेका हुन्। बुधवार निर्माण टिमले फिल्मको निर्माण घोषणा गर्दै फस्टलुक पोस्टर पनि सार्वजनिक गरेको छ। पोस्टरमा मनिष हातमा खुकुरी बोकेर देखिएका छन्। उनको अनुहारमा रिस र बिद्रोही भाव देखिन्छ।

फिल्म सम्बन्धी अध्यापन गराउँदै आएको एभरेष्ट फिल्म एकेडमी र डीआर डेनिमको संयुक्त लगानी रहने फिल्म एक्सन जनरामा बन्न लागेको हो। फिल्ममा सुमन थापा, सविन शाक्य, रुपेश कार्की, रुपेश लामा, आशिष पराजुली लगायतका कलाकारको पनि अभिनय रहनेछ। अर्जुन पोखरेलको संगीत रहने फिल्मका लागि मनिषको अपोजिटमा अभिनेत्रीको भने टुंगो लागिसकेको छैन।

चैत अन्तिम साताबाट छायांकन शुरु हुन लागेको फिल्मलाई गौरी शंखर र विकाश सिटौलाले मिलेर खिच्नेछन्। काठमाडौँ, दुबई, सोलुखुम्बू र ढोरपाटनमा खिचिने फिल्मको निर्माणमा सीबर्ड्स इन्टरटेनमेन्टले सहकार्य गरेको छ। मनिषले फिल्मको कथावस्तु र आफ्नो चरित्र मन परेकाले काम गर्न लागेको जानकारी दिँदै फिल्ममा आफूले भिन्न भूमिका निर्वाहा गर्न लागेको बताएका छन्।

## फागु ...

राख्नुपर्दछ। उनले पौराणिक ग्रन्थहरूमा उल्लेख भएकाले होलीको प्राचीनता पुष्टि हुने उल्लेख गरेकी छन्। उनले होलीलाई सत्यको विषय अवश्यम्भावी हुने कुरालाई यो पर्वले प्रखर रूपमा अभिव्यक्त गर्ने बताएकी छन्।

भण्डारीले सन्देशमा लेखेकी छन्- समाजमा विद्यमान दुष्प्रवृत्तिलाई पराजित गर्दै सत्य र न्यायको पक्षमा अविचलित रूपले क्रियाशील रहन यस पर्वले प्रेरणा प्रदान गर्दछ भन्ने मलाई लाग्दछ। प्रधानमन्त्री शेरबहादुर देउवाले कोभिड-१९को सङ्क्रमण अझै पूर्णरूपमा नियन्त्रण भइनसकेको अवस्थामा स्वास्थ्यका मापदण्ड पालना गर्दै र अरुलाई अवरोध नहुने गरी मर्यादित रूपमा होली पर्व मनाउन आग्रह गरेका छन्।

उनले समाजमा विद्यमान विभिन्न प्रकारका विकृति, विसङ्गति एवम् कुरीतिलाई निर्मूल गर्दै न्यायपूर्ण, सभ्य र सुसंस्कृत समाज निर्माण गर्न होली पर्वबाट सबैमा प्रेरणा मिल्ने विश्वास व्यक्त गरेका छन्।

**होली पर्वको उल्लेख कुन ग्रन्थमा छ ?**

संस्कृतिविद् प्राध्यापक वीणा पौड्यालका भनाइमा होली विशेषगरी हिन्दू शास्त्रहरूमा उल्लेख भएको पर्व हो।

त्यसैले होली शास्त्रीय पर्व भएको उनको मत छ। विभिन्न पुराणहरूमा यसको उल्लेख छ। पछि महाकाव्यहरू जस्तै महाभारत र रामायणमा पनि उल्लेख भएको पाइन्छ- उनले भनिन्।

लिङ्गपुराण, वराहपुराणमा पनि यसको उल्लेख छ। यो शास्त्रीय पर्व हो- पौड्यालका भनाइमा जैमिनि ऋषिद्वारा रचित तथा मीमांसा दर्शनको आरम्भ भएकोमध्येको मानिने 'पूर्वमीमांसासूत्र' मा पनि होलीबारे उल्लेख भएको छ।

**स्थान र परिवेश अनुसार फरक नाम**

पौड्याल होली पर्वलाई विभिन्न स्थानका मानिसहरूले भिन्न नाममा मनाउने र त्यसको शैली पनि केही फरक हुने बताउँछिन्।

उनका भनाइमा होलीलाई कहीँ 'होरी' भनेर पनि चिनिन्छ। तराईमा होली र होरी भनिने यो पर्वलाई पहाडी क्षेत्रमा फागु वा फागु पूर्णिमा भनिने उनले बताइन्। यसलाई वसन्तोत्सव र मदनोत्सव पनि भन्ने चलन छ- उनी भन्छिन्। अहिले पनि विभिन्न नामबाट चिनिने होलीलाई पौराणिक शास्त्रहरूमा अझ फरक नामले उल्लेख गरिएको पौड्यालले बताइन्।

एउटा लामो समयसम्म कुनै पनि पर्व चलिरहँदा त्यसले फरक नाम लिँदो रहेछ- पौड्याल भन्छिन्। उनका भनाइमा पहिले होली नेपालको तराईमा बढी महत्वका साथ मनाइन्थ्यो। वसन्त ऋतुको सङ्केतका रूपमा समेत लिइएको यो पर्वलाई अहिले पहाडी र हिमाली भेगमा पनि व्यापक रूपमा मनाइन थालिएको पौड्यालले बताइन्। ठाउँ अनुसार कुनैमा ऋतु र महिना अनुसार र कुनै कथामा जोडिएका पात्रहहरू अनुसार नाम जोडिएको उनको तर्क छ। लिङ्गपुराणमा फागुन महिनालाई 'फाल्गुनिका' र वराहपुराणमा 'पटवासविलासिनी' भनिएको पाइन्छ।

फाल्गुने पौर्णमासी च सदा बालविकासिनीज्ञेया फाल्गुनिका सा च ज्ञेया लोकर्विभूतये ॥ लिङ्गपुराण

अर्थात् यसले फागुन पूर्णिमाको यो पर्व बालबालिकाले खेल्ने र मानिसहरूलाई यसले विभूति (ऐश्वर्य) दिने जनाउँछ।

फाल्गुने पौर्णिमास्यां तु पटवासविलासिनीज्ञेया सा फाल्गुनी लोके कार्या लोकसमृद्धये ॥ -वराहपुराण

'पटवास-विलासिनी' को अर्थ चूर्ण वा धुलोयुक्त क्रीडा भएको पर्व हो। होलीबारे विष्णुका भक्त प्रह्लाद र होलिका-दहनसँग सम्बन्धित रहेका कथाहरू प्रचलित छन्। तर वसन्त ऋतु, कामदेव र राधाकृष्णका कथाहरू पनि होलीसँग जोडिएको पौड्यालले बताइन्।

सनातन धर्ममा हरेक भगवान्का लागि भिन्न रङ्गको प्रयोग हुने गरेकाले पनि होली शास्त्रीय पर्व भएको उनको तर्क छ। हाम्रोमा भगवान्को मात्र होइन राशि, नक्षत्र र दशाअनुसार पनि फरक रङ्ग प्रयोग हुन्छ- उनी भन्छिन्।

**फागुमा देखिएको परिवर्तन**

सात दशक पुग्न लागेकी पौड्यालको अनुभवमा पहिलेको होली र अहिलेको होलीमा फरक देखिन थालेको छ। उनले भनिन्- पहिले तराईमा घरघर मिठाइ लिएर जाने रमाइलो गर्ने र रङ्ग खेल्दा पनि सकभर नयाँ र निक्खर सेतो लुगा लगाउने चलन थियो। काठमाडौंमा चाहिँ होलीमा विकृति देखिएर म पद्मकन्या क्याम्पस पढ्दा वसन्तपुरमा 'चीर' गाडेपछि नै हामी बाहिर जान सक्दैन थियौँ।

यहाँ मनोरञ्जन होइन कि त्रासको पर्वजस्तो बनेको थियो। त्यस्ता विकृतिलाई अन्त्य गर्नुपर्छ। उनी वसन्तोत्सवका रूपमा मनाइने होलीको सांस्कृतिक र परम्परागत मूल्य कम हुँदै गएको ठान्छिन्। जातजाति र स्थानानुसार होलीमा गाइने गीतहरूको भिन्नै मौलिक महत्व भएकामा अहिले त्यो स्थान चलचित्रका गीतले लिएको उनी बताउँछिन्। तर, होली धर्मबाट निस्किएर समाजमा मिसिएकाले त्यो सकारात्मक र राम्रो पक्ष भएको उनको बुझाइ छ।

**कहाँ कसरी मनाइन्छ होली ?**

उपत्यकाको मुख्य केन्द्र वसन्तपुरमा फागुन शुक्ल अष्टमीका दिन चीरोत्थान गरेपछि काठमाडौंमा होली सुरु भएको मानिने जानकारहरू बताउँछन्। त्यस दिनदेखि उपत्यकामा पूर्णिमासम्म होली मनाउने चलन रहेको संस्कृतिविद्हरूको भनाइ छ। पूर्णिमाका दिन उक्त चीरलाई विधिपूर्वक ढाली बाजागाजाका साथ टुँडिखेलमा लगेर जलाउने चलन छ।

उक्त चीरमा राखिएका ध्वजापताकाहरू औषधोपचारको काममा आउने विश्वासका साथ लुछाचुँडी गरेर लिने र अनिष्ट टर्छ भनी चीरको खरानीको टीका लगाइन्छ-सरकारी समाचारसंस्था राससले लेखेको छ।

त्यस्तै पूर्णिमाकै दिन टुँडिखेलमा 'गुरुमापा' नामक राक्षसलाई इटुम्बहालदेखि कहीँ पनि नबिसाई ल्याइएको १० पाथी चामलको भात र एउटा राँगाको मासु खुवाई सैनिक अस्पतालभित्र रहेको 'जधु' नामक धारामा चुठाउने चलन रहेको पनि राससले जनाएको छ। फागु पूर्णिमाकै दिन उपत्यकामा भीमसेनको पूजा गर्ने चलन पनि रहेको बताइन्छ।

त्यस्तै पूर्णिमाकै दिन हिमाली क्षेत्रमा बसोबास गर्ने अल्पसंख्यक थकाली समुदायमा 'तोरन ल्ह' पर्व मनाउने गर्छन्। तराईमा भोलिपल्ट मनाइने होलीमा रङ्ग खेल्नुका साथै मौलिक गीत गाउने र व्यंग्यात्मक कार्यक्रम पनि आयोजना गर्ने चलन रहेको छ।

**होलीको किंवदन्ती**

फागु पूर्णिमाको चलन चल्नुमा होलिकासँग जोडिएको किंवदन्ती प्रख्यात छ। उक्त किंवदन्ती अनुसार त्रेतायुगमा दैत्यराज हिरण्यकश्यपुले आफ्ना विष्णुभक्त पुत्र प्रह्लादलाई मार्ने उद्देश्यले ब्रह्माबाट आगोले छुन नसक्ने वरदान पाएकी आफ्नी बहिनी होलिकालाई प्रह्लादका साथ दन्किरहेको आगोमा पस्न लगाएका थिए।

तर, प्रह्लादलाई केही नभएको होलीका जलेको कथामा उल्लेख छ। त्यसै बेलादेखि शक्तिको दुरुपयोग गर्ने प्रवृत्तिकी प्रतीक बनेकी होलिका मारिएको उपलक्ष्यमा फागु खेल्ने परम्परा चलेको विश्वास गरिन्छ। द्वापरयुगमा कृष्णलाई मार्न कंसद्वारा पठाइएकी पुतनाले आफ्नो विष दलिएको स्तन चुसाउन लाग्दा असफल भई मारिएको कथासँग पनि होली जोडिने बताइन्छ।

उनलाई व्रजवासीले जलाई फागु महोत्सव मनाउने परम्परा चलेको धर्मग्रन्थमा उल्लेख गरिएको वाल्मीकि विद्यापीठ धर्मशास्त्र विभागका प्रमुख प्राध्यापक देवमणि भट्टराईले बताएका छन्।

## उद्रकान्त ...

घोचीघोची नक्सली (नक्सलाइट)हरुले हत्या गरेका थिए। बुटन चौधरीको हत्या गरेको अभियोगमै नेकपा एमालेका हालका अध्यक्ष खड्गप्रसाद ओली (केपी) सहितका व्यक्तिलाई २०३० चैत २३ गते अदालतले ज्यानमाराको दण्ड-सजाय सुनाएको थियो। ओली राजकाज अपराधमा नभइ व्यक्ति हत्या काण्डको अभियोगमा १४ वर्ष जेल सजाय भोगेका मानिस हुन्।

आधा शताब्दिसम्म खोज खबरविहीन उद्रकान्त राजवंशीको ढिलै भए पनि नेपाली कांग्रेसले उनको सम्झनामा स्मृति प्रतिष्ठान र सम्मानमा प्रतिमा निर्माण गर्न लागेको हो। नेपाली कांग्रेस झापाले २ नम्वर क्षेत्रीय सभापति खगेन्द्र मैनालीको संयोजकत्वमा शहीद उद्रकान्त राजवंशी स्मृति प्रतिष्ठान गठन गरी शहीदको प्रतिमा निर्माणको काम अघि बढाएको हो। सो समितिले प्रतिमाका साथै भवन निर्माणलाई समेत अघि बढाएको छ।

शहीद राजवंशीको प्रतिमा र प्रतिष्ठानको भवन निर्माणको काम शुरु भएको संयोजक मैनालीले बताएका छन्। उद्रकान्तको सम्झनामा आगामी चैत ८ गते लोकतान्त्रिक आन्दोलनका सर्वोच्च नेता गिरिजाप्रसाद कोइरालाको १२ औं स्मृति दिवसको अवसरमा राजवंशीको जीवनी र योगदानका विषयमा परिचर्चा गरिने भएको छ।

बिर्तामोड-९गरामनी सतालसिंहवारीस्थित उनकै निवास परिसरमा रहेको प्रतिष्ठानको हाताभित्र कांग्रेसका शीर्ष नेताहरुको उपस्थितिमा कार्यक्रम गर्न लागिएको हो। कार्यक्रमको पूर्व तयारीका लागि प्रतिष्ठानका संयोजक खगेन्द्र मैनालीको सभापतित्व र नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईको आतिथ्यमा विहीवार बसेको बैठकले कार्यक्रम सफलताका लागि कार्यविभाजन समेत गरेको छ।

## खैरो हेरोइन ...

जनाइएको छ।

त्यस्तै मोरङको बेलबारीकी ३१ वर्षीया कविता गुरुङ र काभ्रेपलाञ्चोकका ३३ वर्षीय मिलन लामा पनि पक्राउ परेका छन्। गुरुङलाई लागूऔषध उपलब्ध गराउने सुनसरीका २२ वर्षीय मिथुनकुमार यादव र सोही ठाउँका प्रमोदकुमार सरदारलाई पनि पक्राउ गरिएको छ।

यस्तै सिन्धुपाल्चोकका रोमन भण्डारी, दोलखाकी प्रज्ञा कार्की, भारतीय नागरिक मिजाहिद राजा र सिन्धुपाल्चोकका राजेश नेपाललाई काठमाडौँबाट पक्राउ गरिएको छ। उनीहरु सबैलाई लागूऔषध नियन्त्रण ऐन, २०३३ अन्तर्गतको कसूरमा आवश्यक अनुसन्धान भइरहेको व्यूरोका प्रहरी उपरीक्षक जीवनकुमार श्रेष्ठले जानकारी दिए।


## उम्मेदवारको ...

४) कुनै प्रयोजनको लागि प्रकाशन वा प्रशारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर वा लाइक वा कमेन्ट गर्न वा गराउन नहुने।

५) कसैको चरित्र हत्या हुने, व्यक्तिगत लाञ्छना लगाउने, मानहानी हुने वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै माध्यमबाट प्रकाशन वा प्रशारण गर्न वा गराउन नहुने।


# हार्दिक बधाई

राष्ट्रिय युवा संघ नेपाल बुद्धशान्ति गाउँ कमिटीको प्रथम अधिवेशनबाट मेरो आत्मीय भाइ **पवन खतिवडा** अध्यक्ष सर्वसम्मत निर्वाचित हुनु भएकोमा उहाँ लगायत निर्वाचित सम्पूर्ण कमिटीलाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु।



**बुद्ध भूषण योञ्जन**

एवम् **होराइजन बर्दु भ्याली टी परिवार**


**श्री भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुर झापाबाट बुद्धशान्ति-३ बस्ने इन्द्रबहादुर खड्काको शेषपछिको हकदारको नाममा जारी गरिएको**

# नामसारी हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

जिल्ला झापा बुद्धशान्ति-३ बस्ने उत्तम खड्का र उदयराज खड्काले हाम्रो हजुरबुबा इन्द्रबहादुर खड्काको मृत्यु भएको, निजको श्रीमती हाम्रो हजुरआमा पवित्रा खड्काको समेत मृत्यु भइसकेको, निजहरुबाट जायजन्म भएको एक मात्र छोरा हाम्रो बुबा सहदेव सिंह खड्काको समेत मृत्यु भएको निजको एक मात्र पत्नी हाम्रो आमा रुपा खड्काको समेत मृत्यु भइसकेको र निज मृतक ज.ध. इन्द्रबहादुर खड्का जिवित रहँदा पालन-पोषण, हेरचाह, औषधि-उपचार तथा मृत्यु पश्चात काजकिरिया समेत हामी निवेदकहरुले नै गरेको हुँदा मृतक ज.ध. इन्द्रबहादुर खड्काको नाममा दर्ता रहेको बुधवारे-९ को कि.नं. ५४९को ज.वि. ०-९-१० जग्गा हामी उत्तम खड्का र उदयराज खड्काको नाममा संयुक्त नामसारी गरी गाउँ भनी बुद्धशान्ति-३को च.नं. २८६० मिति २०७८।११।१० को सिफारिससहित यस कार्यालयमा निवेदन पेश गरेको हुँदा मृतक इन्द्रबहादुर खड्काको शेषपछिको हकदारमा निवेदक उत्तम खड्का र उदयराज खड्का बाहेक अरु कोही भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण हकदावीको निवेदन पेश गर्नुहोला अन्यथा कानून बमोजिम भइ जाने व्यहोरा यसै सूचनाबाट जानकारी गराइन्छ।

इति सम्वत २०७८ साल चैत २ गते रोज ०४ शुभम्।

## शिवसताक्षी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**ब्याङ्गडाँडा, झापा प्रदेश नं. १ नेपाल**

# सेवा करारमा लिने सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति:– २०७८/१२/०४*

यस नगरपालिकाका लागि देहाय बमोजिमका पदमा सेवा करारमा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट नगरपालिकाले तोकेको ढाँचा अनुसार प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन (मिति २०७८/१२/१८) भित्र रितपूर्वक दरखास्त आह्वान गरिन्छ।

**१) पदको विवरण**

| विज्ञापन नं. | पद | तह | पद संख्या | न्यूनतम शैक्षिक योग्यता | निवेदन दस्तुर |
|---|---|---|---|---|---|
| ०६- ७८/७९ | ना प्रा स कृषि | चौथो | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट बाली विज्ञान विषयमा न्यूनतम् १५ महिने जेटिए कोर्ष उत्तीर्ण गरेको प्रमाण पत्र। | ५००.०० |
| ०७- ७८/७९ | ना प्रा स पशु | चौथो | २ (दुई) | मान्यताप्राप्त शिक्षण संस्थाबाट पशु विज्ञान विषयमा न्यूनतम् १५ महिने जेटिए कोर्ष उत्तीर्ण गरेको प्रमाण–पत्र। | ५००.०० |
| ०८- ७८/७९ | नगर प्रहरी (महिला) | जवान | १ (एक) | – मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम् कक्षा ८ उत्तीर्ण गरेको। | १००.०० |

**२. वि.न. ६ र ७–०७८/७९ का लागि दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु।**

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(ख) न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु।

(ग) ३ प्रति पासपोर्ट साईजको फोटो।

(घ) काम गर्नुपर्ने स्थान–वडामा स्थापना हुने पशु तथा कृषि सेवा केन्द्र।

- **उमेर हद :** दरखास्त बुझाउने अन्तिमसम्ममा महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको
- **विशेष व्यवस्था :** महिला तथा स्थानीय आवेदकहरुलाई विशेष प्राथमिकता दिइने छ।

**३. वि.न. ८–०७८/७९ का लागि दरखास्त साथ पेश गर्नुपर्ने कागजात तथा शर्तहरु।**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- न्यूनतम शैक्षिक योग्यताको चारित्रिक प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु।
- सम्बन्धित वडा प्रहरी कार्यालय/प्रहरी चौकी/इलाका प्रहरी कार्यालय वा सो भन्दा माथीको कुनै प्रहरी कार्यालयबाट जारी गरेको चारित्रिक प्रमाण पत्र।
- कुनै सरकारी स्वास्थ्य संस्थाबाट हालसालै जारी भएको निरोगिताको प्रमाणपत्र।
- ३ प्रति पासपोर्ट साइजको फोटो।
- उमेर हद : दरखास्त बुझाउने अन्तिमसम्ममा महिलाको हकमा १८ वर्ष पूरा भई २८ वर्ष ननाघेको
- उचाई/तौल–उचाई घटीमा ५ फिट र तौल ४२ किलो।
- आँखा- माईनस वा प्लस २ भन्दा बढी कमजोर नभएको

**४. परीक्षाको किसिम :** वि.न. ६ र ७ का लागि (क) लिखित परीक्षा (ख) मौखिक अन्तरवार्ता
वि नं. ८ का लागि (क) शारीरिक तन्दुरुस्ती परीक्षा (ख) लिखित परीक्षा (ग) मौखिक अन्तरवार्ता।

**५. परीक्षा सञ्चालन हुने स्थान :** सम्पर्क मितिमा तोकिने छ।

**६. सेवा–सुविधा :** शिवसताक्षी नगरपालिकाले तोके बमोजिम।

**७. सम्पर्क मिति :** २०७८/१२/२२ गते

अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको फोन नं. ०२३–४७०३२३ वा website.www.shivasatakshimun.gov.np मा सम्पर्क राख्न सकिने छ।

**प्रकाशचन्द्र चौधरी**
**नि. प्रमुख प्रशासकीय अधिकृत**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# इन्धनको मूल्य वृद्धि सरकार उदासीन

**नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य फेरि बढाएको छ । रुस युक्रेन द्वन्द्वले सृजना गरेको परिस्थितिले इन्धनको मूल्य वृद्धि भएको बताइन्छ । पेट्रोलियम पदार्थका लागि सम्पूर्णरुपमा अन्तर्राष्ट्रिय बजारमै भर पर्नु बाध्यताका कारण बजारको मूल्यका आधारमा मूल्य घट–बढ हुनु स्वभाविक नै हो । तर, अरुबाट ल्याएर वितरण गर्नुपर्ने पेट्रोलियम पदार्थमा सरकारले निर्धारण गरेको करका कारण उपभोक्ताहरु जहिल्यै मारमा छन् । नेपाली पेट्रोलियम बजार भारतको इण्डियन आयल कर्पोरेशन ( आइओसी)सँग निर्भर छ । उसले अन्तर्राष्ट्रिय बजारको मूल्य अनुसार प्रत्येक घटबढमा नेपाल आयल निगमलाई मूल्यसूची पठाउँछ । त्यही मूल्यसूचीका आधारमा नेपालको बजार मूल्य निर्धारण हुन्छ । जसअनुसार नेपाल आयल निगमले बुधबार राति १२ बजेदेखि पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ । त्यस अनुसार अबदेखि पेट्रोल प्रतिलिटर एक सय पचपन्न रुपैयाँ, डिजेल–मट्टीतेल एक सय अड्तीस रुपैयाँमा बिक्री हुनेछ ।**

**इन्धनमा लगातार भइरहेको मूल्यवृद्धिले प्रायः सबै उपभोग्य वस्तु प्रभावित हुन्छन् । यसको असर भान्सासम्म आइपुग्छ र देशको सम्पूर्ण अर्थव्यवस्था नै प्रभावित हुन्छ । यस्तोमा आम उपभोक्तालाई मूल्यवृद्धिको मारबाट जोगाउने दायित्व सरकारको हुन्छ, त्यसैले सरकारले मूल्यवृद्धिको असरबाट सर्वसाधारणलाई जोगाउने विकल्प खोज्नै पर्छ । यसका लागि इन्धनमा लगाइँदै आएको कर छुट गर्नु, इन्धनको खपत कम गर्नु सर्वोत्तम उपाय हुनसक्छ । लगातारको मूल्यवृद्धिका कारण नेपाल आयल निमगले आफ्नो घाटा चुलिँदै गएको जनाएको छ । निगमले घाटा कम गर्न स्वचालित मूल्य प्रणाली लागू गरेको छ । यस अनुसार पेट्रोलियम पदार्थ र खाना पकाउने ग्यासको खुद्रा बिक्रीबाट प्राप्त हुने एक प्रतिशत रकम कोषमा जम्मा गर्ने गरिएको छ । कोषमा सरकारका तर्फबाट रु. पचास करोड दिने घोषणा पनि गरिएको थियो ।**

**सरकार आमउपभोक्ताप्रति जिम्मेवार देखिएको छैन । इन्धनमा लाग्दै आएको कर घटाएर उपभोक्तालाई राहत दिनेतर्फ सरकार तयार छैन । स्वचालित मूल्य प्रणालीले गत वर्ष निगमलाई घाटा न्यूनीकरण गर्न सघाएको थियो, निगम नाफामा पनि गएको थियो । तर, गत वर्ष अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य बढ्दा निगम फेरि घाटाको यात्रामा हिंड्न बाध्य भएको छ । गएको फागुनसम्मको निगमको घाटा अठ्ठाइस् अर्ब पुगेको छ भने आउँदो वर्ष बढेर चालीस अर्ब पुग्ने निगमको अनुमान छ । रुस युक्रेनको युद्ध नरोकिए पेट्रोलियम पदार्थको मूल्य तेब्बर हुने अनुमान गर्न थालिएको छ । यसो भए विश्वमै भयावह स्थिति आउन सक्छ, त्यसैले सरकारले इन्धनको खपत कम गर्ने उपाय र इन्धनको विकल्प खोज्न ढिलाइ गर्नुहुँदैन ।**

## निजामती सेवादेखि गोमेन्द्र महाविद्यालयको संस्थापकसम्म

# शिक्षासेवी गणेशप्रसाद खनाल

**तीर्थ दाहाल**

शिक्षासेवी गणेशप्रसाद खनाल झापाको चिरपरिचित नाम हो । पछिल्लो काल बिर्तामोडलाई कार्यक्षेत्र बनाइ शिक्षा तथा समाजसेवाका क्षेत्रमा क्रियाशील खनालको जन्म वि.सं. १९९८ साल असार १ गते भएको थियो । इलामको साँखेजुङमा आमा हरिप्रिया र बुवा जयनारायण खनालका जेठो सन्तानका रुपमा जन्मिनुभएका खनालले जीवनमा ठूलै आरोह-अवरोह छिचोल्नु भएको छ ।

सामान्य स्तरको बाल्यकाल व्यतित गर्दै कक्षा २ सम्मको शिक्षा घरबाट नै प्राप्त गर्नुभएका खनालले कक्षा ३ बाट इलामस्थित मनोदय प्राथमिक विद्यालयबाट प्राथमिक शिक्षा पूरा गर्नुभयो । २०१६ सालमा इलामस्थित पब्लिक आदर्श माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएका खनालले त्यसअघि अध्ययनलाई निरन्तरता दिन सक्नुभएन । तर, उहाँभित्र रहेको पढाइको भोक भने मरेको थिएन । सोही भोक पूरा गर्ने उद्देश्यका साथ उहाँ आफ्ना माइला काका दाताराम शर्मा खनालसँग काठमाडौंतर्फ लाग्नुभयो । तर, त्यहाँ पनि आफूले चाहे जस्तो भएन । जसको परिणामस्वरुप उहाँले २०१७ सालबाट सहकारी विभागमा अस्थायी सेवा शुरु गर्नुभयो ।

जतिबेला उहाँ १९ वर्षको मात्रै हुनुहुन्थ्यो, त्यतिबेला सानै उमेरमा विवाह गर्ने चलन थियो । उहाँको विवाह इलामकै जमुनाका प्रतिष्ठित परिवार भट्टराईकी छोरी बुधसँग २०१७ साल फागुन २४ गतेका दिन भयो ।

विवाह एक शुभकार्य हो । दुई आत्माबीचको मिलन हो । तर, विवाहसँगै जिम्मेवारी पनि जोडिएर आउने आउँछ । त्यही भएर उहाँको पढाइको भोक त्यसपछिको पाँच वर्षसम्म पूरा हुन पाएन । अन्तरआत्माबाट चाहेको कुरा पूरा हुन समय लाग्ला, तर अवश्य पूरा हुन्छ भने झैं २०२४ सालमा आएर उहाँले आइ.ए. उत्तीर्ण



गर्नुभयो । तर, जिन्दगी अनुमान गरे जस्तो सहज हुँदैन र उहाँका लागि थिएन पनि । २०२२ साल मंसीर २३ गते उहाँलाई पहिलो पुत्र लाभ भयो । त्यसबेला पनि उहाँमा पढाइको भोक यथावत थियो । त्यसैगरी २०२५ सालमा दोस्रो पुत्र लाभ भयो । त्यसैगरी २०२७ साल पुस २३ गते कान्छो पुत्रको जन्म भयो । उहाँका सन्तानको जन्मको संयोग पनि विचित्रको छ । अर्थात् उहाँका तीन भाइ छोरा दीपक, रुपक र उत्तम जो फरक-फरक सालमा जन्मिए, तर एकै गते अर्थात् २३ गते जन्मिए । उनीहरुको आजको पेशा पनि एउटै छ । अर्थात् तीनै जना दाजुभाइ शिक्षासेवामा संलग्न छन् ।

उहाँले आफूमाथि जस्तोसुकै जिम्मेवारी आएता पनि रत्तिभर विचलित नभई आफ्नो अध्ययनलाई अघि बढाउनुभयो । जसको परिणामस्वरुप २०३२ सालमा स्नातक उत्तीर्ण गर्नुभयो भने सोही साल नेपाल सरकारको निजामती सेवातर्फ शाखा अधिकृतको रुपमा भूमिसुधार विभागमा नियुक्त हुनुभयो ।

त्यसैगरी उहाँको जागीरको क्रममा एकपटक २०२५ सालमा श्रीलंकामा छ महिनाको For the study of Higher Diploma in co-operation भन्ने तालिम लिनुभयो । पुनः २०३२ सालमा जापानमा तीन महिनाको A Course of Agricultural co-operative विषयक प्रशिक्षण लिनुभएको थियो । उहाँले सिंगापुर र अष्ट्रेलियाको पनि भ्रमण गर्नुभएको छ । उहाँमा पढाइको भोक अझ ताजा थियो । जसको परिणाम २०३८ सालमा अर्थशास्त्रमा स्नातकोत्तर गर्नुभयो ।

करिब ३२ वर्ष निजामती सेवामा काम गरी स्वेच्छिक अवकाश लिएर पनि विभिन्न पेशामा संलग्न हुँदै अन्ततः 'विद्या धनम् सर्व धनम् प्रधानं' भन्ने मूल मन्त्रले सदैव घच्घच्याइरहेका कारण वि.सं.२०५३ सालमा बिर्तामोडमा गोमेन्द्र महाविद्यालयको स्थापना गर्नुभयो । समयानुकूल र जीवनोपयोगी शिक्षा अहिलेको आवश्यकता भएकोमा उहाँको जोड छ । शिक्षित र दक्ष जनशक्ति उत्पादनमा जोड दिँदै उहाँले मुलुकको शिक्षा क्षेत्रमा योगदान दिइरहनुभएको छ ।

आज आठ दशकको जीवनयात्रामा अर्धाङ्गिनी बुध खनालसँगै पुत्र-पुत्रवधु एवम् नाति-नातिनीहरुका साथ यात्रारत् हुनुहुन्छ । अनेक सामाजिक, धार्मिक जीवनमा समेत उत्तिकै योगदान दिइरहनुभएका खनालको शान्त र स्थीर स्वास्थ्यको कामना गर्दछु ।

# रंगीन पर्वलाई स्वार्थरहित बनाऔं



**ममता कार्की**

रंगहरुको पर्वको रुपमा रहेको फागु पूर्णिमा अर्थात होली पर्व पहाड र तराईमा धुमधामका साथ मनाइँदैछ । रंगहरुको पवित्रता आ-आफ्नै छन् । तर, पछिल्लो समय हौसला, उमँगको प्रतिकका रंगहरु अर्थविहीन भएका छन् । होलीका रंगमा मिसिएका मान्छेका भावनाहरु शब्दविहीन बन्दै गएका छन् । ती अन्धकार जीवनलाई खुशीका रंगहरुमा रमाउँदै जोडिएका वर्तमान समयका सम्बन्धहरु । आज देख्दैछु प्रत्येक मान्छेहरुको मनमा निराशा, डर, त्रास र आँशुका ढिकाहरु खसाइरहेका, अनि प्रश्न गर्दछु आखिर किन ? यस्तो विकृतिले प्रश्रय पाइरहेको छ ।

समाज, देशमा होलीका रंगहरु जुन रंगलाई कुनै दिन हिंसाविहीन, विश्वास सम्बन्धहरुको गाढापन र विजयीको प्रतिक मानिने गरिन्थ्यो । आज देख्दैछु एउटी आमाको कारुणिक दृश्य, जहाँ विकृतिको सिकार बन्न पुगेकी १८ महिनाकी छोरी प्लाष्टिकमा पोको पारिएको मृत शरीरलाई देख्दा आमाको हृदयमा के बितेको थियो होला ! सायद कसैले पनि सोच्नै नसक्ने, सहनै नसक्ने हृदयविदारक घटना हो । खोइ त आज मान्छेमा मानवता । जहाँ दानवहरुले १८ महिनाकी नानी पनि भनेनन् ।

हेर्दैछु म आज ती एक दिन विदा लेखिएका क्यालेन्डरका पानाहरु जहाँ जिन्दगीको उज्ज्वल भविष्यको सपना बुन्दै हिँडेका कयौं बालबालिका, किशोर-किशोरीहरु विभिन्न हिंसा र विकृतिका सिकार बन्दै गएका छन् । कतै यो घटना मै माथि आइपर्छ कि ! भन्ने डर र त्रासलाई मनभरि लिँदै आफ्नो ज्यानलाई बन्धकी राखी घरबाट बाहिर निस्किँदै गरेका छन् ।

पछिल्लो समय मानिसमा हराउँदै गएको मानवताले हामी आफैलाई क्रुर र स्वार्थी बनाइरहेको छ । आफ्नो स्वार्थ पूरा गर्नका लागि विभिन्न बहानामा मानिसले हिंसामा प्रश्रय दिइरहेको छ । हाम्रो समाज कता लैजाने र समाजलाई कसरी अगाडि बढाउने भन्ने दायित्व पनि हाम्रो हो । हाम्रा पर्व, रीतिरिवाज र धर्म-संस्कृतिले अनुशासित बन्न प्रेरित गर्छ । तर, धर्म र रीतिरिवाजका बहानामा कतिपय स्थानमा हिंसाले प्रश्रय पाउँदा समाजमा भय र त्रास सृजना भएको छ ।

कलिला नाबालिकादेखि वृद्धा आमाहरु समेत बलात्कारको सिकार बनिरहँदा यसतर्फ राज्यले कठोरताका साथ सजायलाई अगाडि बढाउनु दायित्व हो । रंग दल्ने बहानामा कतिपय स्थानमा हिंसाामा पर्ने गरेका घटनाहरु पनि बाहिर नआएका होइनन् यसतर्फ सबै सजग बन्न आवश्यक छ । रंगहरुको पर्व होलीलाई आपसी सद्भाव, एकता र भाइचाराको रुपमा मनाउँदै रंगीन बनाउन आवश्यक छ । त्यसका लागि हामी सबै जिम्मेवार बन्नुपर्छ ।

पछिल्लो समय हरेक सम्बन्धहरुबाट विश्वास उडिसकेको छ । कतै श्रीमानले श्रीमती, छोराछोरीबाट आमाबुबा, बुहारीबाट सासु र विश्वासले भरिएको निकट साथी, देवरबाट भाउजु, ससुराबाट बुहारी र



शिक्षकबाट विद्यार्थी हिंसाको सिकार बन्नुपरेका घटनाहरु बाहिर आइरहेका छन् । यसले हाम्रो समाज कता जाँदैछ भन्ने प्रश्न खडा गरेको छ ।

खोज्दैछु म यस रंगीन होलीमा त्यो विश्वास र न्यायलाई जहाँ सम्बन्धहरुलाई कुदृष्टीले होइन सम्बन्धित इज्जतको दृष्टिले भरिएको । सोध्दैछु आज म प्रश्न त्यो आँखामा पट्टी बाँधिएको त्यो न्यायको तराजुलाई जसको उद्देश्य सम्मान, न्याय प्रदान गर्नु थियो । यो थिएन कि न्यायका लागि लेखिएका कागजका पैसा र सम्मान भएका मान्छेका न्यायका कागजहरु भने डस्वीनमा पाउनुपर्ने । आज हरेक कुराहरुमा स्वार्थ लुकेको छ । सबै कुरा पैसामा बिक्री हुँदै गएको देखिँदैछ, सम्बन्धको नाममा दुर्व्यवहार भएको छ ।

आउनुहोस् हामी आज सबै मिलेर सोचलाई बदलौं । मान्छेलाई मानवताको दृष्टिले हेर्ने गरौं । एकदिनको विदा होइन, हरेक दिन स्वतन्त्रपूर्वक हिँड्न सक्ने वातावरणको सृजना गरौं । पुछिएका सिउँदो रंगाउने जनचेतनामूलक कार्यकमहरु गरौं । आज विदेशमा निर्दोष मान्छेले सजाय भोगीरहेकाको सत्य कुरा जानी निर्दोषलाई न्याय र दोषीलाई सजाई दिने गरौं । आज रंगहरुको पर्वमा विश्वास इज्जत, न्याय र स्वत्रन्त्रपूर्णले भरिएको सम्बन्धहरुको रंगमा रमाऔं ।

# मारवाडी, बंगाली र मैथिल समाजले मनाए होली

**भद्रपुर, चैत ३।** फागु पूर्णिमा अर्थात् होली पर्वको अवसरमा भद्रपुरका मारवाडी, बंगाली र मैथिल समाजले छुट्टाछुट्टै होली मिलन समारोह मनाएका छन् ।

धार्मिक संस्कृति जगेर्ना गर्ने उद्देश्यका साथ भद्रपुर मारवाडी संघ, मारवाडी महिला मञ्च र मारवाडी युवा मञ्चको संयुक्त आयोजना मारवाडी संघको कार्यालयमा होली मिलन समारोह भव्यरुपमा मनाइएको हो ।

मारवाडी संघका अध्यक्ष अजय साहेवालाको अध्यक्षता तथा प्रदेश १ का भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री ओमप्रकाश सरावगीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विभिन्न विधाका उत्कृष्ट छ जना विद्यार्थी, पाँच जना वयोवृद्ध र दुई जनालाई मरणोपरान्त गरी १३ जनालाई सम्मान गरिएको थियो । संघका पूर्वअध्यक्ष स्व. परशुराम अग्रवाल र ओमप्रकाश साहेवालालाई मरणोपरान्त सम्मान गरिएको थियो । त्यस्तै वयोवृद्ध सम्मानबाट राजकरण कोठारी, किशन मित्रुका, लक्ष्मीदेवी अग्रवाल, नैनादेवी साहेवाला र लक्ष्मीदेवी टायललाई सम्मान गरिएको हो ।

विद्यार्थीतर्फ स्नातक तहदेखि एसईई परीक्षामा उत्कृष्ट अङ्क ल्याउने र चित्रकलामा उत्कृष्ट भएकालाई प्रमाणपत्र सम्मान गरिएको थियो । साथै कार्यक्रममा मारवाडी भाषाका विभिन्न गीत, नृत्य, नाटक र कविता वाचन गरी सांस्कृतिक गतिविधि गरिएको थियो । कार्यक्रमको सञ्चालन भाष्कर शर्मा र निलम



गोयलले संयुक्तरुपमा गरेका थिए ।

त्यस्तै बंगाली युवा क्लब भद्रपुरले पनि विविध कार्यक्रमको आयोजना होली मिलन समारोह मनाएको छ । धार्मिक परम्परासँगै रंग लगाएर एक-आपसमा सद्भाव साटासाट गर्दै होली मनाएको हो । होली मिलन समारोह आयोजक समितिका संयोजक सञ्जय घोषको अध्यक्षमा भएको कार्यक्रममा भगवान् राधाकृष्णको तस्वीरमा रंग लगाएर होली मिलन समारोहको उद्घाटन गरेको समितिका सदस्य मानस घोषले जानकारी दिए ।

साथै बंगाली समुदायका महिला, बालबालिका, युवायुवतीहरूले पनि एक अर्कोलाई रंग लगाएर नृत्य गरेर समारोहलाई भव्य बनाएको समितिका उपाध्यक्ष निर्मल घोषले जानकारी दिए । त्यस्तै मैथिल समाज भद्रपुरले मोहपाल धर्मशालामा होली समारोह भव्यरुपमा मनाएको छ । समाजका अध्यक्ष रमेशचन्द्र झाको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरूले एक-आपसमा रंग दलेर होली पर्व मनाएका थिए ।

# नापीका लागि रेकी शुरु

**पथरीशनिश्चरे, चैत २।** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबास आयोगले मोरङको पथरी शनिश्चरे नगरमा नापी थाल्नुअघि पोइन्ट पत्ता लगाउन रिकोकनाइज ( रेकी) नापी थालेको छ ।

आयोगको निर्देशन अनुसार नगर इकाइ कार्यालयले वडा नम्बर १ को नापीका लागि रेकी थाल्नेबारे वडा कार्यालयमा छलफल भएपछि रेकी थालिएको नगरस्तरीय आयोग सेवा केन्द्रका संयोजक ताराप्रसाद ढकालले जानकारी दिए ।

आयोग र नगरका प्राविधिकबाट नापीको पोइन्ट पत्ता लगाउने रेकीको काम सकेर टोटल स्टेशन बिधिबाट नापी अघि बढाइने छ । रेकी कार्यमा वडाका जनप्रतिनिधिका साथै १ नम्बर प्रदेश सांसद कृष्णकुमारी राई लगायतको सहभागिता रहेको छ ।

पथरी शनिश्चरेमा, भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको तीन हजार पाँच सय ६८ र अव्यवस्थित बसोबासको छ हजार दुई सय २५ घरपरिवारको कूल नौ हजार सात सय ९३ वटा फारममा लगत संकलन भएको छ ।

१० वटा वडामध्ये १ देखि ५ नम्बर वडासम्मको पूर्णरुपमा र ६ नम्बरको लगत र ७ को सफ्टवेयरमा प्रविष्टिकरण सकिन लागेको बताइएको छ ।

# फार्मेसीमा भएको अनियमिताको छानविन गर्न समिति

**ताप्लेजुङ, चैत ३।** जिल्ला अस्पतालको फार्मेसीमा आर्थिक अनियमितता गरेको आरोपमा चार कर्मचारी निलम्बनमा परेका छन् ।

आर्थिक अनियमितताको विषय बाहिरिएपछि कर्मचारीलाई निलम्बन गरिनुका साथै छानबिन गर्न पाँच सदस्यीय समिति समेत गठन गरिएको प्रमुख जिल्ला अधिकारी महेशकुमार पोखरेलले जानकारी दिए ।

जिल्ला समन्वय समिति प्रमुख तथा अस्पताल विकास समितिका अध्यक्ष घनेन्द्र मादेनको अध्यक्षतामा बसेको बैठकले पाँच दिनभित्र प्रतिवेदन तयार गर्न छानविन समिति गठन गरेको हो । सहायक प्रमुख जिल्ला अधिकारी यमबहादुर भट्टराईको संयोजकत्वमा अस्पतालका डा. दीपेन्द्र बोखिम, प्रहरी निरीक्षक राकेश यादव, कोष तथा लेखा नियन्त्रक कार्यालयका लेखापाल दुर्गा थापा र स्वास्थ्य कार्यालयका विवेश थुलुङ सदस्य रहेको छानविन समिति गठन गरिएको हो । उक्त समितिले प्रतिवेदन सार्वजनिक नगरुञ्जेलसम्म फार्मेसी सेवा बन्द हुने भएको छ ।

चिकित्सकले बिरामीको पुर्जामा लेखिएको औषधिबाहेक फार्मेसीमा कार्यरत कर्मचारीले थप गरेर लेखेको समितिले जनाएको छ ।


## सटर भाडामा

बिर्तामोडस्थित बिजुली अफिस पूर्व पुरानो भद्रपुर रोडमा रहेका ११ वटा सटर भाडामा छ । व्यापारिक प्रयोजन वा गोदामको लागि उपयुक्त छ ।
सम्पर्क : ९८६३७२०३६९, ९८२४९६०२७०, ९८४२६५३०९९

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई, बिर्तामोड-५, झापा

– भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झञ्झट'
– हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## आवश्यकता

लेडीज वेटर : ३ जना
चाइनिज कुक : १ जना
सम्पर्क :
९८४४६३५१६३
९८१४९८८५०६

## थाहै नपाई जाँडरक्सीको कुलतबाट मुक्त

साथै यौवन कमजोरी, शिघ्रस्खलन, बाध नसा रोगी, पायल्स फिस्टुला, दम खोकी, चिनी रोग, पथरीया, प्रेसर, ग्याष्ट्रिक, कब्जीयत, महिलाहरुको पाठेघरको समस्या सेतो पानी बग्ने महिनावारी गडबढी सबैको उपचार हुन्छ ।
कोरोनाको बन्दपछि पसल शनिश्चरेरोड शिखरबजार पछाडि सरेको छ ।

**फाल्गुनन्द आयुर्वेद फार्मेसी सेवा**
शनिश्चरे रोड, शिखर बजार पछाडि बिर्तामोड, झापा
फोन : ९८४२६४३६१८, ९८१७९४१९७९, ९८०७९९४८८०, ९८६३६७१५५८

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

## कर्मचारी आवश्यकता

पद : PRO/T.O संख्या : केही
तलब : १५,०००।– माथि योग्यता : एसईई/+२
कागजात : शैक्षिक योग्यताको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, फोटो ४ प्रति
सम्पर्क : शनिश्चरे स्टेण्ड
फोन : ९८०१६१९३९०, ९८६६६७२५७९

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## उपकार ब्राण्ड

अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस् ।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३



भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा प्रदेश नं. १ नेपाल


## दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

*प्रकाशित मिति :२०७८।१२।०४*

यस कार्यालयलाई आर्थिक वर्ष २०७८।०७९ मा आवश्यक पर्ने विभिन्न मालसामानहरु आपूर्ति सम्बन्धि पर्न आएको दरभाउपत्रहरु मध्ये तल उल्लेखित दरभाउपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि आशय प्रकट गरिएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त कामका लागि सरोकारवाला व्यक्ति तथा फर्म वा बोलपत्र पेश गरेका अन्य सबै दरभाउपत्रदाताहरुलाई यसै सूचनाबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनका लागि समेत जानकारी गराइएको छ ।

**तपसिल**


| क्र.सं. | दरभाउपत्र । ठेक्का कामको विवरण | स्वीकृतका लागि छनौट भएका दरभाउपत्र दाताको नाम, ठेगाना | दरभाउपत्रमा स्वीकृत रकम | कैफियत |
|---|---|---|---|---|
| (१) | डेसटप कम्प्युटर | श्री आरम्भ कम्प्युटर, दमक न.पा. ८ | रु.१०,९०, ५५६।२२ (दश लाख नव्वे हजार पाँच सय छप्पन्न पैसा वाइस) | |
| (२) | प्रिन्टर (3 in 1) | | | |


## नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)
*नोट: यहाँ ब्याट्रीबाट चल्ने मोटरसाइकल पनि पाइन्छ ।*


THAKUR POLYCLINIC

यहि चैत ५ गते, शनिबारका दिन बिहान ८:३० देखि ११:०० बजे सम्म
सहिद गङ्गालाल राष्ट्रिय हृदय केन्द्र काठमाण्डौंका वरिष्ठ मुटुरोग विशेषज्ञ सेवा



अब विर्तामोडमा
डा. रविन्द्र सिमखडा
MD (Internal Medicine)/DM (Cardiology)

के तपाईलाई तलका मध्ये कुनै समस्या भएको छ?
- रक्तचाप बढ्ने
- मुटुको ढुकढुकी बढ्ने
- श्वाश फुल्ने
- उकालो चढ्न नसक्ने
- बाथ
- मुटुको बाथ
- छाति दुख्ने
- राति निद्रा नलाग्ने
- मधुमेह
- थाईराईड
- मुटुको चालमा गडवड



अग्रिम बुकिङ्गका लागि सम्पर्क न.
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
(Opposite of Paschim Bus Stand)
(+977)023-590008
(+977)9817964771


## भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय


नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमिसुधार तथा मालपोत कार्यालय
भद्रपुर, झापा


## पुरानो मालसामान लिलाम बिक्री सम्बन्धी लिलाम बढाबढको बोलपत्र आह्वानको सूचना

*प्रथम पटक प्रकाशित मितिः २०७८/१२/०३*

यस कार्यालयमा रहेका पुराना मालसामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बढाबढ गरी बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संस्थाले बोलपत्र फारामको दस्तुर बापत रु. १००० (फिर्ता नहुने गरी) यस कार्यालयको कार्यालय कोड ३३६०११२०२ राजश्व शीर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी यस कार्यालयको प्रशासन शाखाबाट सूचना प्रकाशित भएको मितिदेखि ७औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ ।
२. ८औं दिनको १२.०० बजेभित्र बोलपत्र सिलबन्दी गरी यस कार्यालयमा बुझाई सक्नुपर्ने र उक्त बोलपत्रहरु सोही दिनको २.०० बजे खोलिने छन् ।
३. आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, भद्रपुर, झापाको नामको राष्ट्रिय वाणिज्य बैंक, भद्रपुरमा रहेको धरौटी खाता नं. २२१०१००१०२०३०००० मा जम्मा गर्न पठाउने कार्यालयको नाम भूमिसुधार तथा मालपोत कार्यालय, भद्रपुर, झापा, जम्मा गर्न पठाउने कार्यालयको कार्यालय कोड ३३६०११२०२ उल्लेख गरी जम्मा गरेको सक्कलै बैंक भौचर बोलत्रसाथ पेश गर्नुपर्नेछ ।
४. लिलाम बिक्रीको शर्त तथा विस्तृत विवरण कार्यालयको सूचना पाटीमा राखिएको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।
५. यस कार्यालयलाई यो सूचना जुनसुकै बेला रद्द गर्न सक्ने अधिकार हुनेछ ।


## हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई

आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस् ।



सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो प्रति ट्यांकी रु.२०००।– मा सफाई गरिने छ ।




सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## कतारमा Cleaner हरुका लागि रोजगारको अवसर

कम्पनी : UNIVERSAL SERVICES & MAINTENANCE QATAR शहर: DOHA, QATAR
पूर्व स्वीकृत मिति: 2022/03/14 चलानी नं.:60175935 LT. No.:259512

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GEN CLEANER WORKER | 0 | 43 | स. काममा दक्ष | 1,000 | 33,391 | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

नोटः यसै कम्पनिका लागि TEA GIRL (SALARY- 1650QR) हरुको पनि माग भएको हुदा इच्छुकले तुरुन्त सम्पर्क राख्नु होला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

अन्तर्वार्ता होटेल सेन्टर पोइन्ट, झापा बिर्तामोडमा २०७८ चैत्र ७ गते (21 MAR )मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Regd.No. 45852/063/064 Govt. Lic. No. 704/064/065
**Talent Overseas Services Pvt. Ltd.**
(Overseas Employment Consultants)
P.O.Box: 23009, Pingalasthan-8, Gaushala, Kathmandu, Nepal
Contact No: 9803672294, 9803572294, 9817920206

## कुवेत एयरपोर्टमा रोजगारको सुवर्ण अवसर

ONE FACILITIES MANAGEMENT COMPANY WLL
पुर्व स्विकृति मिति: २०७८।०७।१७ चलानी नं. ६०१६६८२१ LT No. 249707 पुन:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाइम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Light Labors/Cleaners | 50 | 10 | काममा [redacted] | 85 | 34425 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards/ Security Officers | 49 | [redacted] | | | 250 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने [redacted] | [redacted] कसले [redacted] लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आ[redacted] | [redacted] | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: झापा, विर्तामोड, सेन्टर [redacted] विर्तामोड-१ मा: २०७८ चैत्र ८ गते हुनेछ।

नोट: एयरपोर्टमा का[redacted]ाले अंग्रेजी राम्रो हुनुपर्ने, उचाई ५ फिट ६ इञ्च ह[redacted]टकोलाई प्राथमिकता दिइने

१) सेक्यूरिटि गार्ड[redacted] २६ दिन, 180 KD,
२) Scanner [redacted] २६ दिन 200 KD
३) X-ray Ma[redacted] २६ दिन 200 KD
४) एयरपोर्टमा क्लि[redacted]ा २६ दिन 120 KD

KHRM Dream Solution Lic. No.: 593/062/63
कञ्चन [redacted]र्स म्यानेजमेन्ट प्रा. लि.
कञ्चन हाउस, एयरपोर्ट गेट (ह[redacted]र), काठमाडौं, फोन: ४४६४७०८
Jhapa Contact: 023-[redacted]0440 9852674349, 9807902265, [redacted]40, 9801046467




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक यात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुर्‍याउनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ [redacted] ह) -**
आजको दिन त्यति अनुकूल [redacted] अनावश्यक यात्रा तथा खर्च हुन सक्छ, [redacted] विशेष ध्यान दिनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै वलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यवसायमा सन्तोषजनक नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
सन्तान पक्षबाट सुखद् खबर सुनिने छ, नचिताएको ठाउँमा यात्रा हुन सक्नेछ, प्रेम सम्बन्ध कसिलो बनेर जानेछ, ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
नयाँ वश्त्र प्राप्तिको योग रहेको छ, पराक्रममा [redacted] होला, आफन्तजनको सहयोग प्राप्त होला । तर [redacted] विचार पुर्‍याउनु होला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने [redacted] रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित ब[redacted] सकिने छ, शुभ खबर सुन्न पाइनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पु[redacted] पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुर्‍या[redacted] मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**मकर ([redacted] ज, जि, खि, खु, खे, खो, गा, गि) -**
[redacted] प्रभावले आयआर्जनमा पछि परिएला, [redacted] यान दिनुहोला, प्रियजनसँग भेट हुनेछ, भैपरि [redacted] र्चले चिन्ता बढाउन सक्छ ।

**[redacted] गे, गो, सा, सि, सु, से, सो, द) -**
[redacted] नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले [redacted] को काम पनि बिग्रन सक्छ तर इष्टमित्रले [redacted] छन् ।

**मीन ([redacted] दु, थ, झ, ञ, दे, दो, च, चि) -**
[redacted] काम शुरू गर्ने समय आएको छ, पहिले [redacted] कामको हौसलाले थप उर्जा मिल्नेछ, [redacted] राम्रो साथ दिने समय रहेको छ ।